पारित मितिः २०८१/०९/२८

प्रमाणीत मितिः २०८१/१०/०४

# निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः स्थानीय स्तरको विकास निर्माणको लागि माटोको सहज आपूर्ति गर्ने, सतह नमिलेको खेतियोग्य जग्गाको सतह मिलाउने, पोखरी निर्माण गर्दा बढी भएको माटो बिक्री वितरण गर्ने लगायतका कार्यहरुलाई व्यवस्थित र नियमित गर्न वाञ्छनिय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा **कोशी प्रदेश सरकारको आर्थिक ऐन, प्राकृतिक स्रोत संकलन तथा बिक्री , २०८०** को अनुसूचि ५ को दफा ७ उपदफा १ को १० ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार चुलाचुली गाउँपालिका इलामले निजी जग्गाको माटो उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८१ तयार गरि लागु गरिएको छ ।

## खण्ड १

## निजी जग्गाको माटो उत्खनन सम्बन्धी व्यवस्था

१. <u>अनुमति नलिइ उत्खनन कार्य गर्न नहुनेः</u>

यस गाउँपालिका भित्रका निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न यस गाउँपालिकाको अनुमति नलिई उक्त कार्य गराउन पाउने छैन ।

२. <u>उत्खनन् अनुमति पत्रको प्रकृयाः</u>

क) निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ख) साँधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्का सहित गाउँपालिकामा पठाउनुपर्नेछ ।

ग) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले उत्खनन् गर्न चाहेको वा उत्खनन् हुनसक्ने परिमाण एकिन गरि सिफारिस गर्नुपर्नेछ । साथै सम्बन्धित वातावरणविज्ञबाट माटो उत्खनन् गर्न मिल्ने नमिल्ने एकिन गर्नुपर्नेछ ।

घ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण प्राप्त भएपछि स्थलगत अध्ययन प्रतिवेदन समितिबाट सिफारिस प्राप्त भए पश्चात गाउँपालिका कार्यालयले नियमानुसारको राजश्व लिई अनुसूची १ को ढाँचामा उत्खनन् तथा ओसारपसार गर्ने अनुमति दिनेछ । साथै स्थलगत अध्ययन प्रतिवेदन समिति देहाय अनुसार हुनेछ ।

संयोजकः सम्बन्धित वडाको वडाध्यक्ष

सदस्यः सम्बन्धित वडाको प्राविधिक

सदस्यः अमिन

सदस्यः वातावरणविद

ङ) उत्खनन् अनुमतिपत्र प्रदान गर्दा उत्खनन् गर्ने जग्गाको क्षेत्रफल, अनुमति दिएको अनुमानित परिमाण, ढुवानीका साधनको नं. उत्खनन् गरि ढुवानी गर्ने अवधि ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनु पर्नेछ ।

३. <u>निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः</u>

क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि,

ख) उत्खनन् हुने जग्गाको सक्कल ब्लु प्रिन्ट वा नापी नक्सा,

ग) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संधियारको सहमती सहितको सार्वजनिक मुचुल्का,

घ) जग्गाको मालपोत कर तथा अन्य सम्पुर्ण किसिमको कर तिरेको रसिदको प्रतिलिपि,

ङ) निवेदन

४. <u>उत्खनन् मापदण्ड तथा पालना गर्नुपर्ने शर्तहरुः</u>

क) सार्वजनिक भौतिक संरचनाको १०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन् गर्न पाइने छैन । माटो उत्खनन गर्ने क्षेत्र चुरे क्षेत्रबाट कम्तिमा ५०० मिटरको दुरीमा हुनुपर्नेछ । राष्ट्रपति चुरे संरक्षण समितिको कार्यालयबाट माटो उत्खनन् गर्न मिल्ने सिफारिस प्राप्त भएमा माटो उत्खनन् गर्न बाधा पर्ने छैन् ।

ख) गाउँपालिकाको अनुगमन समितिले उत्खनन् र ओसारपसार सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ । उत्खनन् गर्ने पक्षले अनुगमन समितिले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

ग) मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ ।

घ) खेतको सतह मिलाउने प्रयोजनको लागि उत्खनन् गरेको भएमा सँधियारहरुको खेतको सतहको प्रतिकुल हुने गरि उत्खनन गर्न पाइने छैन ।

ङ) माटो उत्खनन् गर्दा १ मिटर भन्दा बढी गहिरो हुने गरि उत्खनन् गर्न पाइन छैन । साथै संधियारलाई असर नपर्ने गरि न्युनतम ३ फिट सेड ब्याक छोडेर माटो उत्खनन् गर्नुपर्नेछ ।

च) उत्खनन् गर्ने कार्य दिनको समयमा मात्र गर्नुपर्नेछ ।

छ) माटो उत्खनन् तथा ओसारपसार गर्दा अनुसूची १ र अनुसूची २ बमोजिमको अनुमति पत्र साथमा राख्नु पर्नेछ ।

ज) उत्खनन् कार्य समाप्त भए पछि जुन उद्देश्यका लागि उत्खनन् गरिएको हो सो उद्देश्य अनुरुपको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

झ) निजि जग्गामा उत्खनन् गर्दा छेउछाउमा रहेका सार्वजनिक, सरकारी, पर्ति तथा वन क्षेत्रको जग्गामा उत्खनन् गर्न पाइने छैन ।

ञ) पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य पदार्थ मिस्कट, बालुवा, गिट्टी आदि निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी गाउँपालिकालाई सोको जानकारी दिनुपर्नेछ ।

**५. <u>राष्ट्रिय गौरवका आयोजनाहरु तथा चुलाचुली गाउँपालिकाको स्वीकृत योजनाहरु सम्बन्धमा</u> :**

क) राष्ट्रिय गौरवका आयोजना तथा चुलाचुली गाउँपालिकाको स्वीकृत योजनाहरुमा नम्बरी, आवधिक जग्गाहरुबाट नियमानुसार अनुगमन समितिबाट अनुगमन गरि सहज रुपमा उपलब्ध गराउने ।

**६. <u>समय अविध तोकिनेः</u>**

क) उत्खनन् कार्यका लागि कार्यपालिका बैठकले निर्णय गरि समय निर्धारण गर्ने गरी सूचना जारी गर्नेछ । उक्त सूचना जारी भएको अविधमा मात्र उत्खनन् गर्न पाईनेछ । सूचना जारी गरेको अवधिभन्दा अन्य समयमा उत्खनन् भए गरेको पाइए कानुन बमोजिम कारबाही प्रकृया अगाडी बढाइनेछ ।

## खण्ड २

## माछा पोखरी उत्खनन् गरि बढि भएको माटो बिक्रि वितरण सम्बन्धि व्यवस्था

**१. अनुमति लिनुपर्नेः**

क)यस गाउँपालिका भित्र निजि जग्गामा माछापोखरी खन्नका लागि यस गाउँपालिकाको अनुमति लिनुपर्नेछ ।

**२. उत्खनन् गरि बिक्रि वितरण सम्बन्धि अनुमति पत्रको प्रकृयाः**

क) माछापोखरी खनि बाँकि रहेको माटो बिक्रि गर्न चाहने व्यक्ति वा संस्थाले आवश्यक कागजात सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

ख) अनुमतिका लागि पेश गर्दा पोखरी खन्दा निस्केको माटो त्यही पोखरी वरिपरि व्यवस्थापन गर्ने हो वा बढी माटो बेचबिखन गर्न हो पत्रमा उल्लेख गर्नुपर्नेछ ।

ग) यदि बढी माटो बेचबिखन गर्ने हो भने सोको अनुमानित परिमाण समेत निवेदनमा एकीन गर्नुपर्नेछ ।

घ) संधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारि गाउँपालिकामा पठाउनुपर्नेछ ।

ङ) गाउँपालिका कार्यालयले पोखरी  बनाई बढी हुन सक्ने माटो ओसारपसारका लागि राजश्व तिरेर अनुमति लिनुपर्ने शर्त सहित पोखरी खन्ने कार्यको लागि अनुमति दिनेछ ।

च) पोखरी खन्ने ब्यक्तिले पोखरी निर्माण पश्चात बढी हुने माटो ओसारपसारको लागि गाउँपालिका कार्यालयमा पुन अनुमति माग गर्नुपर्नेछ ।

छ) पोखरी खन्ने क्रममा माटो बाहेकका नदीजन्य पदार्थ मिस्कट, बालुवा, गिट्टी आदि निस्केमा तत्काल उत्खनन् कार्य बन्द गरी गाउँपालिकालाई सोको जानकारी दिनुपर्नेछ ।

ज) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका गाउँपालिका कार्यालयका प्राविधिक कर्मचारीले पोखरी बनाई बढी भएको माटोको नापजाँच गरि परिमाण एकीन गरि सिफारिस गर्नुपर्नेछ ।

झ) यसरी प्राविधिक कर्मचारीबाट उत्खनन् गर्न सकिने परिमाण सहितको सिफारिस प्राप्त भई आए पछि गाउँपालिका कार्यालयले नियमानुसार राजश्व लिई अनुसूची १ को ढाँचामा ओसारपसार गर्ने अनुमति दिनेछ ।

ञ) ओसारपसार अनुमतिपत्र प्रदान गर्दा ओसारपसार गर्ने माटोको अनुमानित परिमाण, ढुवानीका साधनको नं. ढुवानी गर्ने अवधि, ढुवानी गरि लैजाने स्थान स्पष्ट रुपमा लेखिदिनुपर्नेछ ।

**३. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक काजगातहरुः**

क) उत्खनन् हुने जग्गाको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि

ख) उत्खनन् हुने जग्गाको सक्कल ब्लु प्रिन्ट वा नापी नक्सा

ग) सधियारको सहमति सहितको मुचुल्का

घ) जग्गाधनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

ङ) जग्गाको मालपोत कर तथा अन्य सम्पुर्ण किसिमको कर तिरेको रसिदको प्रतिलिपि

च) गाउँपालिकाको कृषि बिकास शाखाको सिफारिस पत्र ।

## खण्ड ३

## उत्खनन् तथा ढुवानी गर्ने सवारी साधनको दर्तासम्बन्धी व्यवस्था

१. **गाउँपालिकामा सूचिकृत हुनुपर्नेः**

क) निजी जग्गाबाट उत्खनन् तथा ढुवानी गर्न चाहने सवारी धनीले राजश्व बुझाई गाउँपालिकाको कार्यालयबाट तोकिएको चालु आ.व.का लागि सवारी साधन सूचीकृत गरी अनुमति लिनुपर्नेछ ।

२. **सूचीकृत सम्बन्धी प्रक्रियाः**

क) सूचीकृत हुनको लागि आफ्नो सवारी साधनको कागजातहरुको फोटोकपी सहित निवेदन पेश गर्नुपर्नेछ ।

ख) गाउँपालिका कार्यालयले कागजपत्रको जाँचबुझ गरी अनुसूची २ बमोजिमको ढाँचामा सवारी साधन दर्ता/सूचीकृत गरी उत्खनन् र ढुवानीको लागि अनुमति दिनुपर्नेछ ।

३. ढुवानी गर्ने सवारी साधनले त्रिपालले राम्रोसँग छोपेर र धुलो नउडाइकन ओसारपसार गर्नुपर्नेछ ।

## खण्ड ४

## राजश्व सम्बन्धी व्यवस्था

१. कोशी प्रदेश सरकारबाट जारी आर्थिक ऐन बमोजिम हुनेछ ।

## खण्ड ५

## दण्ड जरिवाना सम्बन्धी व्यवस्था

१. कोशी प्रदेश सरकारबाट जारी आर्थिक ऐन बमोजिम हुनेछ ।

## खण्ड ६

## विविध

१. यो कार्याविधिमा भएका प्रावधानहरु चुलाचुली गाउँपालिका क्षेत्रभित्र मात्र लागु हुनेछ ।

२. माटो उत्खनन् तथा ओसारपसार कार्यको अनुगमन तथा निरिक्षणको लागि तपसिल अनुसारको एक गाउँपालिका स्तरिय अनुगमन समिति रहनेछ साथै वडा समितिलाई वडा स्तरीय अनुगमन समिति मानिनेछ ।

संयोजक- उपाध्यक्ष

सदस्य- प्रमुख प्रशासकीय अधिकृत

सदस्य- प्राविधिक ईञ्जिनियर

सदस्य- अमिन

सदस्य- सम्बन्धित वडाको वडाध्यक्ष

सदस्य-सचिव- राजश्व शाखा प्रमुख

गाउँपालिका अध्यक्षलाई आमन्त्रित सदस्यको रुपमा उपस्थित गराउनुपर्नेछ ।

३. यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचालित कानून र चुलाचुली गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**अनूसूची- १**

**खण्ड १ को दफा २ (घ) तथा खण्ड २ को दफा २ (झ) सँग सम्बन्धित**

चुलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चुलाचुली, इलाम कोशी प्रदेश, नेपाल

प.सं.

च.न.

मिति..

श्री जो जस सँग सम्बन्धित छ ।

**विषयः <u>माटो उत्खनन् गरि ढुवानी गर्ने अनुमति दिईएको ।</u>**

प्रस्तुत विषयमा........................................ को नाममा दर्ता कायम रहेको चुलाचुली गाउँपालिका वडा नं.................कित्ता नं........को जग्गा क्षेत्रफल............ ।..........। .......बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरि ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

<u>तपसिल</u>

१. अनुमति लिने मुख्य व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.ः

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ.................................................... पश्चिम तर्फ.............................................

उत्तर तर्फ.................................................. दक्षिण तर्फ.............................................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः...............................घनफिट

४. राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो) को राजश्व प्रति घनफुट ... दरले रु.............

५.उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति.....................देखि..........................सम्म

वोधार्थ

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

## अनूसूची- २

## खण्ड ३ को दफा २ (ख) सँग सम्बन्धित एवम खण्ड ३ को दफा २ (ख) सँग सम्बन्धित

चुलाचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चुलाचुली, इलाम, कोशी प्रदेश, नेपाल

### निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार अनुमति पत्र

यस कार्यालयको मिति....................को निर्णय बमोजिम तपाईलाई निम्न बमोजिमको शर्त पालन गर्ने गरी निजी जग्गाको माटो उत्खनन् तथा ओसारपसार गर्न अनुमति प्रदान गरिएको छ ।

**अनुमति सम्बन्धि विवरण** **अनुमति पत्र नं.**

१. अनुमति प्रदान गरिएको साधनः

२. यान्त्रिक साधन धनीको नाम थरः

ठेगानाः जिल्ला न.पा./गा.पा

दर्ता नं. सम्पर्क नं.

३. अनुमति प्रदान गरिएको मितिः

४. अनुमति कायम रहने मितिः

५. अनुमति दिने अधिकारीको दस्तखतः

नाम थरः

पदः

| **नवीकरण सम्बन्धि विवरण** | | | | |
|---|---|---|---|---|
| नवीकरण गरेको मिति | म्याद कायम रहने मिति | नवीकरण दस्तुर रु. | बुझाएको नगदी र. नं. | नवीकरण गर्ने अधिकारीको दस्तखत |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

मिति २०.../....../......

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
चुलाचुली गाउँपालिकाको कार्यालय,
चुलाचुली गाउँपालिका, इलाम ।

**विषयः- <u>निजी जग्गाबाट माटो उतखनन् गर्नको लागि अनुमती पाउँ ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा जिल्ला इलाम साविक ...................................... गा.वि.स वडा नं ...........हाल चुलाचुली गाउँपालिका वडा नं. ........... बस्ने को नाति.......................................को छोरा/ बुहारी ............................ को नाममा दर्ता रहेको .............................गा. वि. स वडा नं. को कि.नं...........को ज.वि ........................( विगाह-कट्ठा-धुर) मध्ये जग्गा बाट................(बिगाहा - कट्टा-धुर) जग्गाको माटो ................फिट ....... ईञ्च गहिरो हुने गरि माटो उत्खन्न गरी बिक्रीको लागि तपसिल बमोजिमको गाडीबाट ढुवानीको लागि अनुमति पत्र उपलब्ध गराईदिन हुनको लागि यो निवेदन पेश गरेको छु । चुलाचुली गाउँपालिकाले तोकेको सम्पुर्ण शर्त पालना गर्न मञ्जुर छु । अनुमती लिईएको परिमाण भन्दा बढी उत्खनन् गरेमा नियमानुसार कारवाही भोग्न तयार छु ।

तपसिल

| क्र.सं. | माटो उत्खनन् गर्ने साधनको नम्बर | माटो ओसारपसार तथा ढुवानी गर्ने साधन गाडी नं. |
|---|---|---|

औंठाको छाप

| | |
|---|---|
| | |

**<u>अनुमति प्राप्त व्यक्ति/साधनले पालना गर्नुपर्ने शर्तहरुः</u>**

१. यो अनुमति विशुद्ध निजि जग्गा धनी र चारकिल्लाका सधियारको सहमतिमा निजी जग्गा उत्खनन् गरी निस्कने माटो मात्र ओसारपसार गर्नका लागि प्रदान गरिएको छ । उत्खननका क्रममा भूगर्भबाट माटो बाहेका अन्य वस्तु (बालुवा मिस्कट गिट्टी लगायतका अन्य खनिज पदार्थ) निस्केमा तत्काल उत्खनन कार्य बन्द गरी चुलाचुली लाई जानकारी गराउनुपर्नेछ ।

२. यो अनुमति पत्रवालाले सार्वजनिक जग्गा, ताल, पोखरी, वन क्षेत्र, नदी प्रणाली र नदी किनारा देखि १०० मिटर, मठ मन्दिरको जग्गा र अन्य कुनै पनि प्रकारको सरकारी जग्गा उत्खनन् गर्न पाउने छैन ।

३. यो अनुमति पत्र साथमा नराखी माटो उत्खनन् तथा ओसारपसार गर्न पाईने छैन ।

४. यो अनुमति पत्र अनुसार उत्खनन् गर्दा बढिमा ३ फीट भन्दा गहिरो हुने गरी उत्खनन् गर्न पाइने छैन । सो भन्दा गहिरो उत्खनन् गर्नु पर्ने भएमा उत्खनन् गर्नुको कारण सहित जग्गा धनीको सहमति लिई चुलाचुली गा.पा. को पूर्व स्वीकृत लिनु पर्नेछ ।

५. यो अनुमति पत्रको म्याद सकिनु पहिले नै नवीकरण गराउनु पर्नेछ । म्याद सकिएको ३० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको १० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिएको ६० दिन भित्र नवीकरण गराएमा लाग्ने दस्तुरको २५ प्रतिशत र ६० दिन देखि ९० दिन सम्मलाई ५० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ । म्याद सकिए ९० दिन पश्चात लाग्ने दस्तुरको १०० प्रतिशत थप दस्तुर तिरी नवीकरण गराउन सकिनेछ ।

६. अनुमति उत्खनन् पत्र नलिई वा अनुमति पत्र लिएता पनि उल्लेखित शर्त पालना नगर्ने उत्खनन् तथा ओसारपसार कर्तालाई चुलाचुली गाउँपालिकाको निर्णय बमोजिम जरिवाना सहित थप कारवाही हुनेछ ।

७. माथि जे सुकै उल्लेख भएता पनि माटो बाहेक बालुवा मिस्कट भस्कट गिट्टी आदि उत्खनन् तथा ओसारपसार एवं विक्री वितरण गरेको पाइएमा प्रति १०० घन फिटको रु. २५०००।- का दरले जरीवाना गरि असुल उपर गरिनेछ ।

८. यस चुलाचुली गाउँपालिका भित्र दर्ता भएको जे.सी.बी./टिप्पर/ट्र्याक्टर मात्र संचालन गर्न पाइनेछ ।

९. चुलाचुली गाउँपालिकाले उल्लेखित शर्तहरु अनुगमन गर्नुका साथै यो अनुमति प्राप्तकर्ताले चुलाचुली गाउँपालिकाको समन्वयमा कार्य गर्नुपर्नेछ ।

१०. ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यसै कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

आज्ञाले,
दिल कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत